# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, असार २८ गते २०६४ साल (अतिरिक्तांक १७ (क)


## भाग ३

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना १

## मूल्य अभिवृद्धि कर (दशौं संशोधन) नियमावली, २०६४

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "मूल्य अभिवृद्धि कर (दशौं संशोधन) नियमावली, २०६४" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ७ मा संशोधन** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ को,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल नियमावलीको नियम ३९क. मा संशोधन** : मूल नियमावलीको नियम ३९क. को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछः-

"(१) कुनै वस्तु आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोग गर्ने म्याद सकिएको कारणले हानी नोक्सानी हुन गई त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु पर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले तीस दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (२) मा रहेका "वस्तुमा तिरेको कर" भन्ने शब्दहरु पछि "एक लाख रुपैंयाँ सम्मको भए सम्बन्धित कार्यालयको निर्णयबाट कर कट्टी गर्न पाउनेछ र सो भन्दा बढी कर" भन्ने शब्दहरु थपिएकाछन् ।

(३) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएकोछः-

"(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमा गरिएको वस्तुको नोक्सानीको हकमा सम्बन्धित कार्यालयले नै क्षतिपूर्ति वापत प्राप्त गरेको रकमको हदसम्म कर कट्टी गर्न दिने निर्णय गर्न सक्नेछ ।"

६. **मूल नियमावलीको नियम ४५ मा संशोधन** : मूल नियमावलीको नियम ४५ को उपनियम (२) मा रहेका "यसरी प्राप्त हुन आएको प्रमाणहरु" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा २४ को उपदफा (३) वा दफा २५ बमोजिम प्राप्त हुन आएको प्रमाणहरु" भन्ने शब्दहरु राखिएकाछन् ।

७. **खारेजी** : मूल नियमावलीको नियम ३८ खारेज गरिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २

# आयकर (दोस्रो संशोधन) नियमावली, २०६४

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "आयकर (दोस्रो संशोधन) नियमावली, २०६४" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आयकर नियमावली, २०५९ को नियम २० मा संशोधन** : आयकर नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २० को उपनियम (२) को खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :-

"(क१) चुक्ता पूँजी कम्तीमा एक करोड रुपैयाँ हुनु पर्ने,

(क२) हिताधिकारी, कामदार वा कर्मचारीको संख्या कम्तीमा एक हजार हुनु पर्ने,"

३. **मूल नियमावलीको नियम २३ मा संशोधन** : मूल नियमावलीको नियम २३ को उपनियम (१) मा रहेका "निवेदन दिन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "निवेदन दिनु पर्नेछ" भन्ने शब्दहरु राखिएकाछन् ।

४. **मूल नियमावलीको नियम २६ मा संशोधन** : मूल नियमावलीको नियम २६ को सट्टा देहायको नियम २६ राखिएकोछः-

"२६ कर चुक्ताको प्रमाणपत्र: (१) कुनै व्यक्तिले निश्चित मितिसम्मको ऐन बमोजिम तिर्नुपर्ने सम्पूर्ण कर तिरी सकेको प्रमाणपत्र माग गर्न ऐनको दफा ९६ को उपदफा (२) मा उल्लिखित कागजात सहित विभागमा निवेदन दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा निवेदकको कर गणना गणितिय हिसाबले ठिक भए नभएको जाँच गरी र कर विवरण बमोजिम तिर्नु पर्ने कर, शुल्क, व्याज तथा अग्रिम कर कट्टी रकम र व्याज दाखिला गर्न बाँकी भए सो रकम दाखिल गराई कर तिरेको प्रमाणको आधारमा विभागले सो व्यक्तिलाई कर चुक्ताको प्रमाणपत्र दिनु पर्नेछ।"

५. **खारेजी** : मूल नियमावलीको नियम १९ खारेज गरिएकोछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-२

(नियम ३ र ५ संग सम्बन्धित)

इजाजतपत्र लिनु पर्ने वस्तु तथा इजाजतपत्र नविकरण दस्तुर

इजाजतपत्र दस्तुर देहाय बमोजिम हुनेछ :-

### १. मदिरा, र इथानोल उत्पादन तर्फ

| | | |
|---|---|---|
| (क) | स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (ख) | वियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (ग) | ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (घ) | वाईन/ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | रु. ४०,०००।- |
| (ङ) | अन्य मदिरा उत्पादनका लागि | रु. ८०,०००।- |
| (च) | चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १००,०००।- |

### २. मदिरा बिक्री वितरण तर्फ

#### (क) होटल, रेष्टुरेण्ट तथा लजहरुको लागि

| | |
|---|---|
| (१) पाँचतारे होटल | रु.३०,०००।- |
| (२) चारतारे होटल | रु.२५,०००।- |
| (३) तीनतारे होटल | रु.१८,०००।- |
| (४) दुईतारे होटल | रु.१२,५००।- |
| (५) एकतारे होटल | रु. ७,०००।- |
| (६) स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्ट तथा रिसोर्ट | रु. ५,०००।- |
| (७) स्वदेशी मदिरा वोतल खोली बिक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज | रु. ३,०००।- |

#### (ख) मदिरा बिक्रेताको लागि

| | |
|---|---|
| (१) मदिरा वितरक | रु. २०,०००।- |
| (२) थोक बिक्रेता | रु. १२,०००।- |
| (३) स्वदेशी तथा विदेशी मदिरा बिक्री गर्ने खुद्रा बिक्रेता | रु. ८,०००।- |
| (४) स्वदेशी मदिरामात्र बिक्री गर्ने खुद्रा बिक्रेता | रु १५००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(५) डिपार्टमेण्टल स्टोर रु. १०,०००।-

(ग) **मदिरा निकासी तथा पैठारीकर्ताको लागि**

(१) विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता रु. २०,०००।-

(२) मदिरा निकासीकर्ता रु. ३,५००।-

(घ) **चुरोट निकासीकर्ता**

नेपाल राज्य बाहिर चुरोट निकासीकर्ता रु.३,५००।-

३. **पैठारी तथा अन्य वस्तु खरीद विक्री र उत्पादन तर्फ**

(क) विदेशी चुरोट, सिगार, सुर्ती तथा सुर्तीजन्य वस्तु पैठारीकर्ताको लागि रु. १०,०००।-

(ख) विदेशी खैनी, जर्दा, नश पानपराग तथा पानमसला पैठारीकर्ताको लागि रु.२५,०००।-

(ग) पानपराग, पान मसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती तथा सुर्तीजन्य वस्तु थोक खरीद विक्रीकर्ताको लागि रु.३,०००।-

(घ) चुरोट, खैनी, जर्दा, नश, पानपराग तथा पानमसला खुद्रा खरीद विक्रीकर्ताको लागि रु. ५००।-

(ङ) विदेशी खुदो र गुँड पैठारीकर्ताको लागि रु. ८,०००।-

(च) खुदो, गुँड़ र स्प्रिट खरीद बिक्रीकर्ताको लागि रु. ३,५००।-

(छ) ईंटा उत्पादन गर्ने उद्योगको लागि प्रति चिम्नी भट्टाको लागि रु. ८०,०००।-

(ज) पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर (गुण),कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय बमोजिमका उद्योगको लागि

(१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरसम्मको) रु.३०,०००।-

(२) होरिजेन्टल रोलर प्रयोग गर्ने उद्योगको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिंएपछि मात्र लागु हुनेछ।

लागि (दश हर्स पावर भन्दा वढीको) रु.६०,०००।-

४. **औद्योगिक उत्पादन तर्फ**

माथि प्रकरण १, २ र ३ मा उल्लेख भए बाहेकको हकमा प्रतिष्ठानको स्थिर पूँजीको आधारमा प्रत्येक एक लाख रुपैयाँ स्थिर पूँजी भएको प्रतिष्ठानलाई तीस रुपैयाँका दरले उत्पादन इजाजतपत्र दस्तुर लाग्नेछ । यस्तो इजाजतपत्र दस्तुर न्यूनतम तीन हजार रुपैयाँ भन्दा कम र अधिकतम पचार हजार रुपैयाँ भन्दा वढी हुने छैन ।

प्रकरण १, २ र ३ मा उल्लेखित वस्तुहरु वाहेक अन्य वस्तुहरुको विक्री वितरणको लागि इजाजत पत्र लिनु पर्ने छैन ।

५. **सेवा बिक्रीको लागि** रु. २,०००।-

**दृष्टव्य :**

(१) यस्तो दस्तुर काठमाडौं उपत्यका बाहेक अन्य क्षेत्रमा पचास प्रतिशतले कम लाग्नेछ ।

(२) एक एकाइले एकभन्दा वढी किसिमको मदिरा खरीद बिक्री गर्ने भएमा सबभन्दा बढी दरको दस्तुर मात्र बुझाए पुग्नेछ ।

(३) ईट्टा उत्पादकले प्रकरण ३ को खण्ड (छ) बमोजिम बुझाउनु पर्ने रकम मध्ये दश प्रतिशत इजाजत पत्र लिंदा, चालीस प्रतिशत माघ मसान्तसम्म र बांकी रकम फाल्गुण मसान्तसम्म बुझाउने गरी किस्ता कायम गरिएकोछ ।

(४) मूल्य अभिवृद्धि करमा दर्ता भएका ईट्टा उत्पादन गर्ने उद्योगहरुले इजाजत दस्तुर तिर्नु पर्ने छैन ।

तर यस्ता ईट्टा उत्पादकहरुले एक आर्थिक वर्षका लागी बुझाउनु पर्ने ईजाजत दस्तुर भन्दा कम मुल्य अभिवृद्धि कर असुल गरी आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको अवस्थामा त्यस्तो कम भएको रकम ईजाजत दस्तुर वापत आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेछ र सो अवधिभित्र दाखिला नगरेमा सोमा ऐन बमोजिम बिलम्ब दस्तुर लाग्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ९क
(नियम १८ संग सम्बन्धित)
**ब्याच नियन्त्रण खाता**

इजाजतपत्रवालाको नाम र ठेगाना ..........................................
मौसम ........................ महिना ........................
इजाजतपत्र नं.................. स्थायी लेखा नम्बर:............................

| सि. नं. | ब्राण्डको नाम (नाम,शक्ति र परिमाण) | उत्पादन मिति | ब्याच नं. | सिल सिलेवार नं. | | जम्मा बोतल थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

नोट: १. प्रत्येक ब्राण्डको नाम, यु. पी. शक्ति र एम एल खुल्ने गरी क्रमश: उल्लेख गर्नुपर्ने ।
२. यो खाता प्रत्येक दिनको स्पष्ट देखिने गरी राख्नुपर्ने ।

आज्ञाले,
विद्याधर मल्लिक
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १० –
गो.हु.द.नं. १६।०६२।६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।